एडीबी
समाचार
नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

पौष, २०५९

# एडीबी-गैसस-सरकार समन्वयका लागि नयाँ संरचना विकास गर्ने तयारी




**त्रिपक्षीय समन्वय : सरकार, गैसस तथा निजी क्षेत्रका प्रतिनिधिहरू एडीबी-गैसस-सरकार समन्वयको नयाँ संरचना विकास गर्न आयोजित कार्यशालामा सहभागी हुँदै ।**

एसियाली विकास बैंक (एडीबी) ले गैर-सरकारी संस्था (गैसस) तथा नागरिक समाजसँग सहकार्य गर्दै अघि बढ्न नयाँ उपायको खोजी गरिरहेको छ । सरकार, गैसस तथा नागरिक समाजसँगको अन्तरक्रियालाई विस्तार गर्नु यसको अर्को प्रमुख उद्देश्य हो । यस किसिमको त्रिपक्षीय समन्वय सन् २००३ को प्रारम्भदेखि नै कार्यान्वयन गर्नका लागि नयाँ संरचना विकास गर्न एडीबीले चाहेको छ ।

विकासोन्मुख सदस्य राष्ट्रहरूमा सञ्चालित सहायता कार्यक्रमको प्रभावकारितामा गैससको भूमिकालाई स्वीकार्दै एडीबीले त्रिपक्षीय समन्वयको संरचना विकास गर्दा साझेदारहरूको सक्रिय सहभागितालाई सुनिश्चित गर्न सरकार, नागरिक समाज तथा निजी क्षेत्रका प्रतिनिधिहरूसँग व्यापक परामर्श गरेको छ ।

एडीबीले वि.सं. २०३७ सालदेखि नै कार्यक्रम सञ्चालन तथा विकासमा गैससहरूको भूमिकालाई स्वीकार गरेको हो, जतिबेला उसले आफ्नो पहिलो गैसस संयोजक नियुक्त गर्नुका साथै एडीबी-गैसस समन्वयबारे पहिलो नीतिपत्र तयार पारेको थियो ।

एडीबीद्वारा लगानी गरिएका परियोजनाहरूमा गैससको सहभागिता वा परामर्श वि.सं. २०४७ को १० प्रतिशतबाट २०५७ सम्म आइपुग्दा ५० प्रतिशत पुगेको थियो । गैससहरूको बढ्दो सहभागितालाई सम्मान गर्दै एडीबीले २०५५ सालमा गैससको समन्वयका लागि वृहत नीति लिएको थियो । २०५७ साल वैशाखमा एडीबीका अध्यक्ष टाडाओ चिनोले गैससहरूसँगको समन्वयका लागि एडीबीको संस्थागत व्यवस्थामा समीक्षा गर्न उच्चस्तरीय समिति गठन गर्नुभएपछि एडीबी, गैसस र सरकारको साझेदारीलाई सुदृढ गर्ने प्रयासहरू थप वृद्धि भएका थिए ।

एडीबीले उक्त परामर्श प्रक्रियाअन्तर्गत वि.सं. २०५९ असोज १४ देखि १८ गतेसम्म काठमाडौंमा 'एडीबी-गैसस-सरकार समन्वय' बारे राष्ट्रिय तथा उपक्षेत्रीय कार्यशालाहरू आयोजना गरेको थियो । सरकार, नागरिक समाज तथा निजी क्षेत्रका ३६ जना प्रतिनिधिहरूले राष्ट्रिय कार्यशालामा भाग लिएका थिए । उपक्षेत्रीय कार्यशालामा भने बंगलादेश, भुटान, भारत, नेपाल, पाकिस्तान र श्रीलंकाका ३१ जना प्रतिनिधिहरू सहभागी थिए । एडीबीले सरकार, गैसस र नागरिक समाजसँगको साझेदारीका लागि एसिया तथा प्रशान्त क्षेत्रमा चरणबद्ध कार्यक्रमहरू गर्दै आएको थियो । त्यसअन्तर्गत, १० वटा राष्ट्रिय कार्यशाला, ३ वटा उपक्षेत्रीय कार्यशाला र अष्ट्रेलियामा आयोजित एउटा थप कार्यशाला (प्रशान्त क्षेत्रलाई समेटेर) पर्छन् । काठमाडौंमा आयोजित कार्यशालाहरू पनि त्यसैको एक भाग हो ।

कार्यशालामा सहभागीहरूले एडीबी, गैसस र सरकारबीचको साझेदारीलाई प्रवर्द्धन गर्न तथा समन्वय सुदृढीकरणका लागि आ-आफ्ना धारणा राखेका थिए । गैससहरूको संस्थागत सुदृढीकरण, क्षमता अभिवृद्धि, नीतिगत सुधारमा गैससहरूको सहभागिता तथा गैसस र सरकारको समन्वयमा एडीबीको भूमिकाबारे पनि सहभागीहरूले आफ्ना विचार व्यक्त गरेका थिए ।

एडीबीले वि.सं. २०६०-२०६२ का लागि प्रस्तावित संरचनाको रुपरेखा तयार पार्न वि.सं. २०५९ मंसिर २ देखि ७ गतेसम्म फिलिपिन्सको मनिलामा 'लेखनशाला'

*बाँकी पेज दुई मा*

## यस अंकमा...


- शासन सुधारबाट भ्रष्टाचार नियन्त्रण २
- सरकारद्वारा व्यक्तिगत सूचना प्रणालीको विकास २
- गरिब महिला सशक्तिकरणका लागि एडीबीद्वारा अनुदान सहयोग ३
- नेपालमा माध्यमिक शिक्षा सुधारका लागि एडीबीद्वारा ऋण स्वीकृत ३
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४
- विकास व्यवस्थापन प्रदर्शनीमा नेपाल आवासीय नियोगको सहभागिता ४

# शासन सुधारबाट भ्रष्टाचार नियन्त्रण

एसियाली विकास बैंक (एडीबी) ले शासन सुधार कार्यक्रम सञ्चालन गर्न श्री ५ को सरकारलाई एक वर्षअघि ३ करोड अमेरिकी डलर (२ अर्ब ३४ करोड रुपैयाँ) ऋण स्वीकृत गरेपछि भ्रष्टाचार नियन्त्रणका प्रयासहरू विस्तार हुन थालेका छन् ।

शासन सुधार कार्यक्रमको मुख्य उद्देश्य निजामती सेवालाई परिणाममुखी, जनउत्तरदायी र लैङ्गिक-सम्वेदनशील बनाएर सरकारको शासन प्रणालीमा सुधार तथा भ्रष्टाचार नियन्त्रण गर्नु हो ।

एडीबीले सरकारको वृहत आर्थिक तथा संरचनागत सुधार कार्यक्रमको महत्वपूर्ण अङ्गका रुपमा शासन सुधार कार्यक्रमलाई सहयोग गरेको छ । सरकारी निकायहरूलाई पारदर्शी तथा उत्तरदायी बनाउन र नेपालमा विकास सहायताहरूको प्रभावकारिता वृद्धि गर्न यो कार्यक्रम ल्याइएको हो ।

विशेषगरी शासन सुधार र भ्रष्टाचार नियन्त्रण यस कार्यक्रमका महत्वपूर्ण अङ्गहरू हुन् । भ्रष्टाचारसँग लड्न सशक्त कानूनी संरचना तयार पारेर कार्यान्वयन पक्षमा जोड दिने तथा सरकारको भ्रष्टाचार नियन्त्रणका प्रयासहरूमा नागरिक समाजको संलग्नतालाई सुनिश्चित गर्ने यसको उद्देश्य रहेको छ ।

यसबाहेक प्रचलित तथा प्रस्तावित नियम-कानूनहरूको कार्यान्वयन, भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूको संस्थागत सुदृढीकरण, भ्रष्टाचारविरुद्ध संघर्षरत् प्रमुख संस्थाहरूको भूमिकामाथि सर्वसाधारणको सचेतता वृद्धि र भ्रष्टाचार कम गर्ने उपाय पहिल्याउनमा पनि शासन सुधार कार्यक्रमले सघाउ पुऱ्याउनेछ ।

सरकारले शासन सुधार कार्यक्रमअन्तर्गत भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई सघाउ पुऱ्याउन २०५८ साल मंसिरमा यससँग सम्बन्धित तीनवटा ऐनहरू संसदमा प्रस्तुत गरेको थियो । ती हुन्- भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन (संशोधन) र विशेष अदालत ऐन । प्रतिनिधिसभाले २०५९ साल वैशाख ४ गते सर्वसम्मतिबाट यी तीनैवटा ऐनहरू पारित गरेको थियो । यसमध्ये भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा थुप्रै संशोधन भएका छन्, जसले भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई बढी प्रभावकारी र परिणाममुखी बनाउने अपेक्षा गरिएको छ । विगतका ऐन-नियमहरूमा भएका कमजोरीहरूको फाइदा उठाउँदै भ्रष्टाचारको अभियोग लागेकाहरू सजिलै यसबाट मुक्त हुन्थे । नयाँ ऐनले ती कमजोरीहरूमा सुधार गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले आयोगको छानबीनको दायरा फराकिलो पारेको छ । हाल संवैधानिक निकायहरू, स्थानीय निकायका निर्वाचित प्रतिनिधिहरू तथा सम्पूर्ण सार्वजनिक संस्थानहरू छानबीनको दायराभित्र परेका छन् । छानबीनका क्रममा आयोगको अधिकारलाई पनि विस्तार गरिएको छ । भ्रष्टाचारका मुद्दाहरूमाथि बहस गर्न विशेष अदालत गठन भएपछि भ्रष्टाचारविरुद्ध लड्न एक वृहत संरचना तयार भएको छ । उक्त अदालतलाई अतिरिक्त मुद्दा दर्ता गर्ने, आरोपितको पूँजी तथा सम्पत्ति रोक्का राख्ने र मुद्दाको म्याद तोक्ने अधिकार दिइएको छ ।

त्यस्तै, प्रधानमन्त्री कार्यालयअन्तर्गत गठित राष्ट्रिय सतर्कता केन्द्र पनि शासन सुधार कार्यक्रमअनुरुप भ्रष्टाचार नियन्त्रण गर्ने प्रयासको अर्को महत्वपूर्ण खुड्किलो हो । भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूको भूमिकाबारे सर्वसाधारणलाई सचेत तुल्याउन तथा नागरिक समाजसँग तिनीहरूको अन्तरक्रिया बढाउन प्रधानमन्त्री कार्यालयअन्तर्गत भ्रष्टाचार नियन्त्रण एकाइ गठन गर्ने सोंच बनाइएको थियो । यसबाहेक शासन सुधार कार्यक्रमअन्तर्गत भ्रष्टाचार नियन्त्रणका लागि अरू थुप्रै प्रयासहरू कार्यान्वयन गर्न बाँकी छन् । मुद्रा निर्मलीकरण कानून, सुराकी संरक्षण कानून (विसलब्लोअर प्रोटेक्सन लेजिस्लेसन) यसअन्तर्गत पर्छन् । ■

## सरकारद्वारा व्यक्तिगत सूचना प्रणालीको विकास

निजामती कर्मचारीहरूको व्यक्तिगत विवरणलाई व्यवस्थित गर्न श्री ५ को सरकारले कम्प्युटरमा आधारित व्यक्तिगत सूचना प्रणालीको विकास गरेको छ । एसियाली विकास बैंक (एडीबी) को सहयोगमा सञ्चालित शासन सुधारका लागि संस्थागत सहायता को प्राविधिक सहयोगमा उक्त प्रणाली विकास गरिएको हो । यसअन्तर्गत सामान्य प्रशासन मन्त्रालयले सरकारी कर्मचारीहरूको सम्पूर्ण व्यक्तिगत विवरणलाई कम्प्युटरमा उतारेर केन्द्रीय सूचना भण्डारको स्थापना गर्नेछ ।

व्यक्तिगत सूचना प्रणालीको विकासले सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको निजामती किताबखानालाई सबै सरकारी कर्मचारीहरूको व्यक्तिगत विवरण कम्प्युटरमा व्यवस्थित गर्न सजिलो हुनेछ । हालसम्म उक्त किताबखानाले हातैले फारम भरेर यस्तो विवरण राख्ने गरेको छ ।

हालसम्म ९५ प्रतिशतभन्दा बढी सरकारी कर्मचारीहरूको विवरणलाई व्यक्तिगत सूचना प्रणालीमा रुपान्तरण गर्ने काम पूरा भएको छ । अहिले ती तथ्यांकहरूलाई अद्यावधिक गर्ने काम भइरहेको छ । व्यक्तिगत सूचना प्रणालीबाट सरकारलाई कहाँ कुन पद रिक्त छ वा कहाँ कर्मचारीहरू चाहिनेभन्दा बढी छन् थाहा पाउन सजिलो हुन्छ । कर्मचारीहरूको लैङ्गिक अनुपात छुट्याउन वा जातियरुपमा वर्गीकरण गर्न पनि मद्दत पुग्छ । यसबाहेक अवकाश पाउने कर्मचारीहरूको पूर्वानुमान गर्न तथा कर्मचारीहरूको शिक्षा, उनीहरूले पाएको प्रशिक्षण, हासिल गरेको पदलगायत सेवा अवधिभरको सम्पूर्ण इतिहास पत्ता लगाउन यो प्रणाली निकै लाभदायक छ ।

व्यक्तिगत सूचना प्रणालीले कर्मचारीहरूको तथ्यपूर्ण विवरण तयार पार्ने कामलाई सुनिश्चित गर्नुका साथै ती विवरणहरू अद्यावधिक गर्न तथा व्यक्तिगत निर्णयहरूमा पारदर्शिता बढाउन मद्दत पुऱ्याउँछ । यो प्रणाली अन्य मन्त्रालयहरूका लागि पनि उत्तिकै उपयोगी छ । सबै मन्त्रालयहरूले इन्टरनेटका माध्यमबाट आ-आफ्ना अधिकारीहरूको व्यक्तिगत विवरण र उनीहरूको संस्थागत महत्व जाँच्न सक्छन् । व्यक्तिगत सूचना प्रणालीको अर्को चरणमा कर्मचारीहरूको तलबमानसँग यसको सम्बन्ध स्थापित गर्ने प्रणाली तयार पारिनेछ । यसबाट आय व्यय विवरण (बजेट) को प्रयोजनका लागि कर्मचारीहरूको तलबमानको सही प्रकृति स्थापित गरेर प्रभावकारी नियन्त्रण गर्न सकिनेछ । निजामती सेवाका विभिन्न पदहरूको संख्या निर्धारण गर्न तथा तलबमा सुधार गर्न पनि यसले मद्दत पुऱ्याउँछ ।

सामान्य प्रशासन मन्त्रालयको निजामती किताबखानाले व्यक्तिगत सूचना प्रणालीमा प्राविधिक प्रशासकको भूमिका निर्वाह गर्दै यसको सञ्चालनका लागि प्रशिक्षण दिने तथा नियमावली उपलब्ध गराउनेछ । किताबखानाले केन्द्रीय सूचना भण्डारका रुपमा सबै प्रयोगकर्ताहरूका लागि नियमितरुपमा यसको पूर्णता र उपलब्धता सुनिश्चित तुल्याउनेछ ।

व्यक्तिगत सूचना प्रणाली चरणबद्धरुपमा कार्यान्वयन भइरहेको छ । पहिलो चरणमा काठमाडौं उपत्यकामा मात्र केन्द्रित मन्त्रालयहरूलाई समावेश गरिएको छ भने त्यसपछिका चरणमा उपत्यकाबाहिर कार्यालय रहेका मन्त्रालयहरूलाई पनि यो प्रणालीमा समावेश गरिनेछ । सन् २००२ डिसेम्बरसम्म (वि.सं. २०५९ पौष दोस्रो साता) पहिलो चरण पूर्णरुपमा कार्यान्वयनमा आउने लक्ष्य लिइएको छ ।

*पेज एकको बाँकी*

तथा कार्यशाला आयोजना गरेको थियो । लेखनशाला भनेको एक नवीन प्रक्रिया हो, जसमा सहभागीहरूद्वारा मस्यौदाको आद्योपान्त (पूर्ण) समीक्षा गरेर सर्वसम्मतिबाट अन्तिम प्रतिवेदन तयार पारिन्छ ।

संरचनाको मस्यौदा तयार गर्न आयोजित उक्त लेखनशालामा सरकारी तथा गैससका १४ जना प्रतिनिधिहरू र एडीबीका ११ जना कर्मचारीहरूले भाग लिएका थिए । मस्यौदा संरचनामाथि थप छलफल गर्न मंसिर ४ र ५ गते क्षेत्रीय कार्यशाला आयोजना गरिएको थियो । लेखनशालामा सहभागी भएका प्रतिनिधिहरूलगायत सरकार तथा गैससका थप ११ जना प्रतिनिधिहरूले उक्त कार्यशालामा भाग लिएका थिए । कार्यशालाबाट आएका सुझाव तथा प्रतिक्रियाहरूलाई समेत समावेश गरेर अन्तिम मस्यौदा तयार पार्ने जिम्मा लेखनशालाकै प्रतिनिधिहरूको हुन्छ । यसका लागि उनीहरू पुनः छलफल गर्छन् । संरचनाको अन्तिम मस्यौदा एडीबीका कर्मचारी, व्यवस्थापन तथा राष्ट्रिय र उपक्षेत्रीय कार्यशालाका सबै सहभागीहरूलाई प्रतिक्रियाका लागि पठाइनेछ । यसबाट प्राप्त प्रतिक्रियाहरूमा विचार पुऱ्याएपछि एडीबी-गैसस-सरकार समन्वय संरचनाको अन्तिम रुप तयार हुनेछ र यसको स्वीकृतिका लागि एडीबी सञ्चालक समितिसमक्ष पेस गरिनेछ ।

इच्छुक समूहले यससम्बन्धी 'इस्यु नोट' (विषयगत बुँदा) मा प्रतिक्रिया पठाएर संरचनालाई सुधार गर्ने उपायहरू प्रस्तावित गर्न सक्नेछन् । राष्ट्रिय तथा उपक्षेत्रीय कार्यशालाहरू हुनुअघि विषयगत बुँदाकै आधारमा छलफल अघि बढाइएको थियो । ती बुँदा एडीबीको वेबसाइट http://www.adb.org/ngos मा राखिएको छ । प्रतिक्रियाहरू ngocoordinator@adb.org मा पठाउन सकिनेछ । सार्वजनिक प्रतिक्रियाका लागि संरचनाको मस्यौदा एडीबीको वेबसाइटमा राखिएको छ । ■

# गरिब महिला सशक्तिकरणका लागि एडीबीद्वारा अनुदान सहयोग

एसियाली विकास बैंक (एडीबी) ले ग्रामीण क्षेत्रका गरिब महिलाहरूको सशक्तिकरणका लागि परियोजना तयार गर्न श्री ५ को सरकारलाई ४ लाख ५० हजार अमेरिकी डलर (३ करोड ५१ लाख रुपैयाँ) को प्राविधिक सहायता अनुदान उपलब्ध गराएको छ। यो अनुदान एडीबीको जापान विशेष कोषबाट प्रदान गरिएको हो। उक्त कोषमा जापान सरकारको लगानी रहेको छ।

२०५९ साल भदौ २८ गते यससम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो। एडीबीको नेपाल अवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्स र अर्थ मन्त्रालयका तात्कालिन सचिव विमलप्रसाद कोइरालाले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो। हस्ताक्षर समारोहमा जापानी राजदूतावासका मिनिस्टर काजुमी सुजुकी पनि उपस्थित हुनुहुन्थ्यो।

ग्रामीण क्षेत्रका गरिब महिलाहरूको सामाजिक-आर्थिक स्थिति उकास्न विस्तृत योजना तयार गर्ने उद्देश्यले यो प्राविधिक सहायता अनुदान प्रदान गरिएको हो। यसले महिलाहरूको आवश्यकता मूल्यांकन गर्नुका साथै उनीहरूको संलग्नताबारे सम्भाव्य तथा वृहत प्याकेज विकास गर्न मद्दत पुऱ्याउनेछ। महिलाहरूको सशक्तिकरणका लागि सञ्चालित गतिविधिहरूको संस्थागत विकास र सुदृढीकरणमा पनि यसले सहायता गर्नेछ। ती गतिविधिहरूमा महिला सामुदायिक संस्था, आयमूलक कार्यक्रम, बचत र कर्जाजस्ता प्रचलित सेवाहरूमा सरल पहुँच, बजार तथा व्यापार व्यवस्थापन, सीप विकास, समय बचत गर्ने भौतिक पूर्वाधारहरूको विकास, जस्तै खानेपानी पम्प, साना बायोग्यास संरचना, कानूनी साक्षरता र लैङ्गिक सचेतता कार्यक्रम पर्छन्।

'प्रस्तावित योजनाले गरिबी कम गर्ने, लैङ्गिक समानतालाई बढावा दिने र गरिब नेपाली महिलाहरूलाई सशक्त बनाएर लैजाने सरकारको प्रयासमा सहायता गर्नेछ', डा. भोक्सले हस्ताक्षर समारोहमा भन्नुभयो। यो सहायताले गरिबी निवारण गर्ने एडीबीको अभियानलाई थप बल पुऱ्याउने कुरा उहाँले बताउनुभयो। डा. भोक्सले महिला आयोजनाका लागि लघुकर्जा कार्यक्रम सफल भएकाले त्यसै सिलसिलामा यो प्राविधिक सहायता उपलब्ध गराइएको जानकारी दिनुभयो।



**महिला सशक्तिकरणः** एडीबी नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्स तथा तात्कालिन अर्थसचिव विमलप्रसाद कोइराला ग्रामीण क्षेत्रका गरिब महिलाहरूको सशक्तिकरणका लागि प्राविधिक सहायता सम्झौतामा हस्ताक्षर गर्दै जापानी राजदूतावासका मिनिस्टर काजुमी सुजुकी (दायाँ)।

महिला विकास विभागले एडीबीको परामर्शमा नेपालका अतिकम विकसित जिल्लाहरूबाट अत्यन्तै गरिब तथा विपन्न महिलाहरू छनौट गर्नेछ। प्राविधिक सहायताबाट योजनाको पहिचान गरेर त्यसको रुपरेखा तयार पार्न मद्दत पुग्नेछ। त्यसपछि गरिब नेपाली महिलाहरूको सशक्तिकरणका लागि एकीकृत प्रयास सुरु हुनेछ।

विगत तीन दशक अवधिमा नेपाली महिलाहरूको सामाजिक-आर्थिक स्थितिमा सुधार आए पनि अधिकांश महिलाहरू अझै दुर्बल छन्। उत्पादनमूलक स्रोत-साधन तथा अत्यावश्यक सेवाको उपभोग र निर्णय लिने अधिकारबाट उनीहरू वञ्चित रहँदै आएका छन्। नेपाली महिलाहरूमा गरिबी प्रष्टैसँग देखिन्छ। खाना, शिक्षा र स्वास्थ्य सेवामा असमान पहुँच तथा दिनभरजसो काम गर्नुपर्ने बाध्यता यसका प्रमुख उदाहरण हुन्।

प्राविधिक सहायता योजनाको कुल लागत ५ लाख ३७ हजार अमेरिकी डलर (४ करोड १८ लाख ८६ हजार रुपैयाँ) रहेको छ। यसमध्ये श्री ५ को सरकारले ८७ हजार अमेरिकी डलर बराबर नेपाली मुद्रा (६७ लाख ८६ हजार रुपैयाँ) लगानी गर्नेछ। प्राविधिक सहायता कार्यक्रम छ महिनाभन्दा बढी समयसम्म सञ्चालन हुनेछ। यो सन् २००३ जनवरी (वि.सं. २०५९ पौष तेस्रो साता) देखि कार्यान्वयनमा आउनेछ। ■

# नेपालमा माध्यमिक शिक्षा सुधारका लागि एडीबीद्वारा ऋण स्वीकृत

एसियाली विकास बैंक (एडीबी) ले सरकारी विद्यालयहरूमा माध्यमिक शिक्षाको गुणस्तर सुधार गर्न २०५९ साल असोज ४ गते श्री ५ को सरकारलाई ३ करोड अमेरिकी डलर (२ अर्ब ३४ करोड रुपैयाँ) ऋण स्वीकृत गरेको छ। सरकारले यो रकम बालिकाहरू तथा विपन्न परिवारका केटाकेटीहरूको विद्यालयमा पहुँच पुऱ्याउनसमेत उपयोग गर्नेछ।

यो परियोजनाको कुल लागत ७ करोड ४८ लाख ३० हजार अमेरिकी डलर (५ अर्ब ८३ करोड ६७ लाख ४० हजार रुपैयाँ) रहेको छ, जसमध्ये एडीबीले सहुलियतपूर्ण ऋणअन्तर्गत ३ करोड अमेरिकी डलर उपलब्ध गराएको हो। बाँकी रकममध्ये ३ करोड अमेरिकी डलर (२ अर्ब ३४ करोड रुपैयाँ) डेनिस अन्तर्राष्ट्रिय विकास सहायताले अनुदानस्वरुप उपलब्ध गराएको छ भने सरकारले १ करोड ४८ लाख ३० हजार अमेरिकी डलर (१ अर्ब १५ करोड ६७ लाख ४० हजार रुपैयाँ) लगानी गर्नुपर्ने छ। यो परियोजना सन् २००८ (वि.सं. २०६५) मा सम्पन्न हुनेछ।

पछिल्ला दशकहरूमा उल्लेखनीय प्रगति भए पनि नेपालमा शिक्षाको उपलब्धता एकदमै सीमित छ। यसले गरिबहरूलाई रोजगारीका अवसरबाट वञ्चित तुल्याउनुका साथै असमानता अझ नराम्ररी बढाउने र आर्थिक विकासलाई सीमित पार्ने काम गरेको छ।

माध्यमिक शिक्षालगायत समग्र शिक्षा क्षेत्रको विकासका लागि एडीबीद्वारा उपलब्ध सहयोगले सरकारको माध्यमिक शिक्षा सहायता परियोजना सञ्चालनमा ठूलो टेवा पुग्नेछ। यसले सामाजिक तथा आर्थिक विकासका लागि शिक्षित र दक्ष जनशक्ति तयार पार्न सघाउ पुऱ्याउनेछ। यस परियोजनाले निम्न लक्ष्य हासिल गर्ने उद्देश्य लिएको छ :

- बालिका, अल्पसंख्यक समुदाय तथा शैक्षिक सुविधाबाट वञ्चित समूहलाई पठनपाठनको वातावरण उपलब्ध गराउने,
- पाठ्यसामग्री, निर्देशिका सामग्रीहरू र मूल्यांकन पद्धति विकास गर्ने,
- शिक्षा, विकास र शिक्षकहरूको व्यवस्थापनका लागि दीगो प्रणाली तयार पार्ने, र
- प्रभावकारीरुपमा शिक्षा प्रवाह गर्ने संस्थागत क्षमता तथा व्यवस्थापनमा सुधार गर्ने।

बालिकाहरूका लागि माध्यमिक शिक्षा बढी सर्वसुलभ बनाउन यस परियोजनाले महिला शिक्षिकाहरूलाई प्रशिक्षण दिनेछ। उनीहरूलाई ग्रामीण क्षेत्रमा विद्यालयमै बसोबास गर्नसक्ने सुविधासमेत उपलब्ध गराउनेछ। परियोजनाले महिला विद्यार्थीहरूलाई पनि बसोबासको सुविधा दिनेछ। साथै, बालिकाहरू तथा अन्य विपन्न समूहका विद्यार्थीहरूका लागि छात्रवृत्ति पनि प्रदान गर्नेछ।

मुलुकका ७५ वटै जिल्लाहरूमा यो परियोजना सञ्चालन हुनेछ। यसले जिल्लास्तरमा विकेन्द्रीत योजना र व्यवस्थापनलाई बढावा दिनेछ। खासगरी १० वटा अत्यन्तै विपन्न जिल्लाहरूमा यो परियोजना सक्रियरुपमा कार्यान्वयन गर्ने उद्देश्य लिइएको छ।

परियोजनाको कुल लागतमा एडीबीको योगदान ४० प्रतिशत रहेको छ। एडीबीले आफ्नो सहुलियतपूर्ण एसियाली विकास कोषबाट नेपाललाई उक्त ऋण उपलब्ध गराएको हो। यो ऋण तिर्नुपर्ने अवधि ३२ वर्ष रहेको छ। यसमा ८ वर्षको अतिरिक्त समय पनि समावेश छ। अतिरिक्त समयसम्म वार्षिक १ प्रतिशत र त्यसपछिको अवधिमा १ दशमलव ५ प्रतिशत सेवाशुल्क निर्धारण गरिएको छ। ■

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

एसियाली विकास बैंक (एडीबी) ले नेपाललाई आफ्नो प्राविधिक तथा वित्तीय सहायता उपलब्ध गराउने सिलसिलामा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्दै आएको छ। विगत केही महिनाहरूमा आयोजित कार्यशाला तथा गोष्ठी निम्न छन् :

वि.सं. २०५९ साल असोज १३ र १४ गते कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभागले पोखरामा 'सिस्टम लर्निङ एप्रोच' (एसएलए) विषयक राष्ट्रिय कार्यशाला आयोजना गरेको थियो। तेस्रो पशु विकास आयोजनाको सहयोगमा यो कार्यशाला आयोजना गरिएको हो। यसमा राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभाग, कृषि विभाग तथा वन, पशु सेवा र कृषिका क्षेत्रीय निर्देशकहरू समेत ६३ जना सरकारी प्रतिनिधिहरूले भाग लिएका थिए।



**क्षमता अभिवृद्धि : स्थानीय परामर्श सेवाको विकास सम्बन्धी गोष्ठीलाई सम्बोधन गर्दै एडीबीका परामर्श सेवा शाखाका प्रमुख ग्रेगरी लन्डन।**

यो कार्यशालाको मुख्य उद्देश्य एसएलए सम्बन्धी सूचना प्रवाह गर्ने तथा यससम्बन्धी अनुभव बाँडेर विषयवस्तुमा सरोकारवालाहरूको समभ्रुदारी वृद्धि गर्नु थियो। एसएलए भनेको एकदमै सहभागितामूलक प्रयास हो, जसमा विभिन्न साझेदारहरूको अनुभव, ज्ञान र सीपलाई सामूहिकरुपमा प्रयोगमा ल्याइन्छ। यसले प्रविधिलाई भन्दा व्यक्तिलाई परिवर्तनको केन्द्रबिन्दु बनाएको छ। एडीबीको सहयोगमा सञ्चालित तेस्रो पशु विकास आयोजनाले यो प्रयासलाई सफलतापूर्वक प्रयोगमा ल्याएको छ।

वि.सं. २०५९ साल कात्तिक ६ गतेका दिन एडीबी र सोसाइटी अफ आर्किटेक्चरल एन्ड इन्जिनियरिङ फर्म अफ नेपालले संयुक्तरुपमा 'स्थानीय परामर्श सेवाको विकास' विषयक दुई दिने गोष्ठी आयोजना गरेका थिए। गोष्ठीको मुख्य उद्देश्य एडीबी तथा उसँग ऋण लिने मुलुकमा पेस हुन आउने प्राविधिक प्रस्तावको गुणस्तर वृद्धि गर्नु रहेको थियो। यसबाहेक परामर्शदाताहरूलाई बढीभन्दा बढी सहभागी हुन अवसर दिने तथा एडीबी र उसँग ऋण लिने मुलुकको आवश्यकताबारे सूचना प्रवाह गरेर परियोजनाको कार्यान्वयन तथा परामर्शदाताको कार्य-सम्पादनमा सुधार ल्याउने उद्देश्य पनि गोष्ठीले लिएको थियो।

उक्त गोष्ठी परामर्शदाता फर्मको व्यवस्थापन र कर्मचारीहरूका लागि आयोजना गरिएको थियो। फर्मको योजना, तयारी तथा एडीबीको ऋण र प्राविधिक सहायतामा सञ्चालित परियोजनाको प्राविधिक प्रस्ताव तयार गर्ने कार्यसँग सम्बन्धित कर्मचारीहरूका लागि गोष्ठी लक्षित थियो। यसमा विभिन्न परामर्शदाता फर्महरूका ३५ जना प्रतिनिधिहरूले भाग लिएका थिए।वि.सं. २०५९ साल मंसिर २४ देखि २६ गतेसम्म एडीबीले गैर-सरकारी संस्थाहरूसँग काम गर्नका लागि प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो। यो प्रशिक्षणको मुख्य उद्देश्य एडीबीका कर्मचारीहरूलाई गैर-सरकारी संस्था (गैसस) का विविध नयाँ पक्षहरूबारे सम्वेदनशील हुन सिकाउनु हो। एडीबीले आफ्ना नीति तथा परियोजनाहरूको संरचना र कार्यान्वयन ती संस्थासँग मिलेर गर्ने हुँदा त्यसका विभिन्न पक्षमा ध्यान दिनु जरूरी हुन्छ। यसबाहेक गैससको सक्षमतालाई भरपूर उपयोग गर्दै एडीबीका कार्यक्रमहरूको गुणस्तर वृद्धि गर्नमा आफ्ना कर्मचारीहरूलाई सक्षम तुल्याउनु पनि प्रशिक्षणको उद्देश्य थियो। प्रशिक्षणमा बंगलादेश, भारत, नेपाल, पाकिस्तान र श्रीलंकास्थित एडीबी आवासीय नियोगका १६ जना कर्मचारीहरूले भाग लिएका थिए। सरकारी तथा गैर-सरकारी संस्थाबाट पनि चारजना प्रतिनिधिहरूलाई प्रशिक्षणमा सहभागी गराइएको थियो। कर्मचारीहरूले काम गर्ने तरिकाबारे सूक्ष्म-ज्ञान पाओस् भनेर बाहिरबाट प्रतिनिधि डाकिएको हो। अमेरिकाको म्यासाचुसेट्सस्थित 'कन्सेसस् बिल्डिङ इन्स्टिच्युसन' बाट आएका डेभिड फेयरम्यानले प्रशिक्षण सञ्चालन गर्नुभएको थियो।

वि.सं. २०५९ साल पुस ४ गतेका दिन एडीबी नेपाल आवासीय नियोगले प्रत्येक वर्षको अन्त्यमा गर्ने पत्रकार सम्मेलन आयोजना गरेको थियो। सन् २००२ (वि.सं. २०५९ साल) मा एडीबीद्वारा नेपालमा सञ्चालित विविध गतिविधिहरूबारे सञ्चारकर्मीहरूलाई जानकारी दिन उक्त पत्रकार सम्मेलन आयोजना गरिएको हो। नेपालीलगायत विदेशी समाचार संस्थाहरूका ३५ जना पत्रकारहरूले कार्यक्रममा भाग लिएका थिए। एडीबी नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्सले सन् २००२ मा नेपाल आवासीय नियोगले सञ्चालन गरेका नयाँ कार्यक्रमहरूबारे सञ्चारकर्मीहरूलाई जानकारी गराउनुभएको थियो।

एडीबीको सहयोगमा सञ्चालित सामुदायिक खानेपानी आपूर्ति तथा सरसफाई परियोजनाले पनि सन् २००२ को नोभेम्बर र डिसेम्बर महिनामा विभिन्न अवधारणामूलक कार्यशालाहरू आयोजना गरेको थियो। एडीबीका आगामी कार्यक्रमहरू एडीबी/नेपाल आवासीय नियोगको वेबसाइटमा उपलब्ध छन् : http://www.adb.org/nrm. ■

## विकास व्यवस्थापन प्रदर्शनीमा नेपाल आवासीय नियोगको सहभागिता

एसियाली विकास बैंक (एडीबी) नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्सले २०५९ साल असोज १० गते संगठन विकास केन्द्र (ओडीसी) द्वारा आयोजित 'The Search for Effective Strategies and Approaches for Management Development Initiatives in Nepal' विषयक गोष्ठीको सभापतित्व गर्नुभयो। विकास व्यवस्थापनसम्बन्धी परामर्श समूह ओडीसीले आफ्नो छैठौं वार्षिकोत्सवको सिलसिलामा उक्त गोष्ठी आयोजना गरेको थियो।

नेपाल आवासीय नियोगले गोष्ठीपछि आयोजित खुला प्रदर्शनीमा पनि भाग लिएको थियो। प्रदर्शनीमा एडीबीले सरकारसँगको साझेदारीमा तेस्रो पशु विकास आयोजनाबारे जानकारी दिन एउटा केन्द्र स्थापना गरेको थियो। एघारवटा बहुपक्षीय तथा द्विपक्षीय संस्थाहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रका ओडीसी-साझेदारहरूले प्रदर्शनीमा भाग लिएका थिए। ती सबैले नेपालमा विकासका प्रयासहरूबारे जानकारी दिए। ■

## भूलसुधार

एडीबी 'समाचार नेपालबाट' को कात्तिक महिनाको अंकमा प्रकाशित प्रमुख समाचार 'एडीबी निरीक्षण कार्यको समीक्षा' अन्तर्गत 'निरीक्षण प्रक्रिया' उपशीर्षकको पहिलो वाक्य 'निम्न क्षेत्रमा बसोबास गरिरहेका समुदाय, संगठन वा अन्य समूहहरूले निरीक्षणका लागि अनुरोध गर्न सक्छन् : आयोजना सञ्चालन भइरहेका वा हुने ऋण प्राप्त गर्ने सदस्य मुलुकमा वा ऋण प्राप्त गर्ने मुलुकसँग सीमा जोडिएको अन्य सदस्य मुलुकमा रहेका वा सोही देशमा बस्ने समूहको कुनै आधारिक प्रतिनिधि' हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। त्यही उपशीर्षक अन्तर्गतको अन्तिम वाक्यमा पनि 'वि.सं. २०५३ यता निरीक्षणका लागि एडीबीमा सातवटा अनुरोध आएका छन्। त्यसमध्ये निरीक्षण बोर्डले एउटा पारित गरेको छ' हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। यो भूलका लागि हामी क्षमाप्रार्थी छौं। यसैबीच, एडीबीमा परियोजना निरीक्षणका लागि एउटा अर्को अनुरोध पनि आएको छ।

**एडीबी समाचार नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिँदैन। हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कामनपा
काठमाडौं, नेपाल।
फोन : (९७७-१) २२७ ७७९, २२७ ७८४, २२० ३०५
फ्याक्स : (९७७-१) ०२२५ ०६३
इमेल : adbnrm@adb.org
वेबसाइट : http://www.adb.org/NRM